# लेटाङ नगरपालिका नगर खेलकुद विकास ऐन, २०७९

**प्रस्तावनाः**

लेटाङ नगरपालिकामा खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण , खेलाडीको व्यवसायीक सुरक्षा बिभिन्न तहगत राष्ट्रिय एवम अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न आवश्यक भएकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम लेटाङ नगरपालिकाको नगरसभाले यो ऐन जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम लेटाङ नगरपालिका नगर खेलकुद बिकास ऐन २०७९ रहेको छ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) **अध्यक्ष** भन्नाले दफा ३ बमोजिम गठित लेटाङ नगरपालिकाको नगर खेलकुद बिकास समितिको अध्यक्ष सम्झिनु पर्छ ।

(ख) **"प्रमुख"** भन्नाले लेटाङ नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ग) **"उप प्रमुख"** भन्नाले लेटाङ नगरपालिकाको उप प्रमुख सम्झनु पर्छ ।

(घ) **नगरपालिका** भन्नाले लेटाङ नगरपालिका सम्झनु पर्छ ।

(ङ) **प्रमुख प्रशासकिय अधिकृत** भन्नाले लेटाङ नगरपालिकको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) **समिति** भन्नाले दफा ३ बमोजिम गठित लेटाङ नगरपालिकाको नगर खेलकुद बिकास समिति सम्झनु पर्छ ।

(छ) **सदस्य** भन्नाले दफा ३ बमोजिमको समितिको सदस्य सम्झिनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य र सदस्य सचिव समेतलाई जनाउनेछ ।

(ज) **सदस्य सचिव** भन्नाले दफा ३ बमोजिमको नगर खेलकुद बिकास समितिको सदस्य सचिव सम्झनु पर्छ।

(झ) **तोकिएको वा तोकिए बमोजिम** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकए वा तोकए बमोजिम सम्झनु पर्छ ।

(ञ) **खेलकुद सम्बन्धी संस्था भन्नाले** दफा ११ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ ।

**३.लेटाङ नगरपालिका नगर खेलकुद विकास समितिः** (१) नगरपालिकामा खेलकुद विकास गर्नका लागी तपशिलबमोजिम एक नगर खेलकुद विकास समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको गठन हुने समितिमा देहायका सदस्य रहनेछन।

(क) नगर प्रमुख वा नगर प्रमुखले तोकेको व्यक्ति अध्यक्ष
(ख) नगरकार्यपालिकाको सदस्य मध्ये कार्यपालिकाले तोकेको १ महिला सहित २ जना सदस्य
(ग) प्रमुख प्रशासकिय अधिकृत सदस्य
(घ) सामाजिक विकास समिति संयोजक सदस्य
(ङ) जिल्ला तथा नगरस्तरमा खेलकुदको क्षेत्रमा काम गरेको अनुभव भएका नगरका खेलाडी वा रेफ्री वा प्रशिक्षक वा क्लवका अध्यक्ष वा व्यवस्थापक भई काम गरेको व्यक्ति मध्ये कम्तिमा एक महिला सहित नगर प्रमुखले तोकेको तिन जना......... सदस्य
(च) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी..... सदस्य सचिव

(३) समितिको बैठकमा खेलक्षेत्र संग सम्बन्धित विज्ञ तथा आवश्यक अन्य व्यक्तिहरूलाई आमन्त्रण गर्न सकिने छ।

(४) समितिको चल अचल सम्पत्ती नगरपालिकाको हुनेछ।

(५) मनोनित सदस्यको पदावधि तिन वर्षको हुनेछ।

(६) दफा ३ को उपदफा (२) बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा जुन सदस्यको पद रिक्त भएको हो सोही बमोजिम पदपुर्ति गरिनेछ।

(७) दफा ३ को उपदफा (२) बमोजिम कुनै सदस्यको दफा ६ अन्तर्गत सदस्यबाट हटाउनु पर्ने भन्ने लागेमा कार्यपालिकाले त्यस्तो सदस्यलाई प्रमाणका आधारमा जुनसुकै बखत हटाउन सक्नेछ। तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाईको मौकाबाट वन्चित गरिने छैन। स्वतः पद रिक्त हुने अवस्थामा भने सुनुवाईको मौका अनिवार्य रहने छैन।

**४.सदस्यको लागि आवश्यक योग्यताः**

(क) नेपालि नागरिक हुनुपर्नेछ।
(ख) एक्काइस बर्ष उमेर पुरा भएको हुनुपर्नेछ।
(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नभएको व्यक्ती।
(घ) खेलकुद क्षेत्रमा योगदान गरेको व्यक्ती।

**५.सदस्यता रिक्त हुने अवस्थाः**

(क) दफा ४ बमोजिमको योग्यता नभएको ठहरिएमा।
(ख) राजिनामा दिएमा।
(ग) निजको मृत्यु भएमा।

(घ) अग्रिम सुचना नदिई लगातार तिन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा।

(ङ) दफा ३ को उपदफा ७ बमोजमि कार्यपालिकाले हटाएमा।

**६. अध्यक्षको काम कर्तव्य र अधिकार:** अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) बैठकको आवहान गर्ने

(ख) बैठकको अध्यक्षता गर्ने

(ग) खेलकुद सम्बन्धि निति तथा कार्यक्रमको बिषयमा सुझाव दिने।

(घ) वार्षिक योजना कार्यक्रम तथा बजेट तयार गर्ने।

(ङ) वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने।

**७. सदस्य सचिवको काम कर्तव्य र अधिकार:** सदस्य सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) आवश्यक प्रशासनिक कार्य सन्चालन गर्ने गराउने

(ख) खेलकुद समिति सम्बन्धमा निति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने

(ग) समितिको निर्णय प्रमाणिकरण एंव कार्यान्वय गर्ने गराउने

(घ) समितिबाट स्विकृत खेलकुद सम्बन्धि निति योजना र कार्यक्रम कार्यान्वयन गर्ने गराउने

(ङ) वार्षिक प्रतिवेदन तयार गरि समिति समक्ष पेश गर्ने

(च) खेल सम्बन्धी संस्था र खेलाडिको अभिलेख राख्ने

(छ) समितिले तोकेको अन्य आवश्यक काम गर्ने गराउने ।

**८. समितिको बैठक र निर्णय:** (१) अध्यक्षको निर्देशन बमोजिम सदस्य सचिवले समितिको बैठक बोलाउनु पर्नेछ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्य मध्येबाट अध्यक्षले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको पचास प्रतिशत भन्दा बढि सदस्य उपस्थित भएमा बैठकको लागी गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक महिनाको एक पटक अनिवार्य बस्नेछ।

(५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिन भित्रमा बैठक बोलाउनु पर्नेछ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) अध्यक्ष र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नुपर्नेछ।

(८) बैठक सम्बन्धि अन्य कार्यबिधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**९. समितिको  काम कर्तव्य र अधिकारः** दफा ३ बमोजिम गठन भएको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) नगरपालिका स्तरिय खेलकुद  प्रतियोगिताको आयोजना गर्ने

(ख) खेलकुदको विकास प्रवर्द्धन अनुसन्धान अध्ययन तालिम लगायतका कार्य गर्ने गराउने

(ग) नगर भित्रका खेलमैदान तथा खेलकुद संरचनाको रेखदेख तथा संरक्षण गर्ने

(घ) आफ्नो तह र  मातहतका खेलकुद सम्बन्धि संघसंस्थाको नियमन गर्ने

(ङ) खेलाडिलाई आर्थिक सहायता तथा खेलवृति प्रदान गर्नका लागी नगरपालिका समक्ष सिफारिस  गर्ने

(च) खेलाडिको स्वास्थ्यको संरक्षण गर्नका लागी आवश्यक  व्यवस्था मिलाउने

(छ) फरक क्षमता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता संन्चालन गर्ने व्यवस्था गर्ने गराउने

(ज) खेलकुद पर्यटन विकास गर्ने

(झ) परम्परागत खेलकुदको संरक्षण र प्रवर्दन गर्ने

(ञ) खेलकुद विकासको लागी आवश्यक अन्य काम गर्ने गराउने ।

**१०. खेलकुद सम्बन्धी संस्था दर्ताः** (१) खेलकुद सम्बन्धी क्रियाकलाप आयोजना गर्ने कल्ब संघ वा संस्थाको नाम दर्ता नगरपालिकामा हुनेछ।

(२) यस अघि अन्य निकायमा दर्ता सुचिकरण अध्यावधिक रहेको खेलकुद सम्बन्धि संस्था यस ऐन बमोजिम सुचिकृत हुनु पर्नेछ।

**११. दर्ताको लागी निवेदन दिनु पर्नेः** (१) दफा १० बमोजिमको नाम दर्ता गराउन चाहने खेलकुद सम्बन्धि संस्थाले देहायका कुरा खुलाई नगरपालिकामा नाम दर्ताका लागी निवेदन दिनु पर्नेछ।

(क) संस्थाको नाम र ठेगना

(ख) संचालन गरिने खेलकुद

(ग) कार्यकारिणि समितका सदस्यको नाम ठेगना

(घ) विधान प्रमाणित प्रतिलिपि

(ङ) वार्षिक कार्ययोजना र आयश्रोत

**१२. नाम दर्ता गर्न सक्नेः** दफा ११ बमोजिमको नाम दर्ता  गराउनको लागी दरखास्त परेमा नगरले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको नाम दर्ता गर्ने सक्नेछ।

(२) उपदफा (१) बमोजिमको नाम दर्ता भएमा दर्ता गरिएको सूचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित संस्थालाई दिनुपर्नेछ।

**१३. हिसाबको श्रेस्ता राख्नु पर्नेः** (१) खेलकुद सम्बन्धि संस्थाले  राखेको श्रेस्ताको आम्दानी र खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समिति खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुक्ष नगरपालिकाले र दफा ३ बमोजिमको गठित समितिले जहिले सुकै गर्न गराउन सक्नेछ।

**१४.निर्देशन दिनेः** (१) समितिले मातहतका खेलकुद सम्बन्धि संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद संस्थाको कर्तव्य हुनेछ।

**१५. नगरपालिकाले निर्देशन दिन सक्नेः** (१) नगरपालिकाले खेलकुद विकास गर्नका लागी समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले दिएको निर्देशन दफा ३ बमोजिम गठित समितिले पालना गर्नु पर्नेछ।

**१६. सपथ ग्रहणः** दफा ३ बमोजिम गठन भएको समितिका पदाधिकारीहरूले अनुसूचि १ बमोजिमको ढाँचा अनुसार सपथ ग्रहण गर्नु पर्नेछ ।

**१७. नियम बनाउने अधिकारः** यस ऐन कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र संशोधन समेत गर्न सक्नेछ ।

**१८. यस ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची १

दफा २० संग सम्बन्धित

# शपथको विवरण

यस नगर खेलकुद बिकास समितिको.............................................. म ........................................... ले नगरपालिकाको नगर भित्रका खेलकुद विकास तथा समग्र खेल क्षेत्रको विकासमा मेरो ज्ञान विवेक र सामर्थयले भ्याएसम्म निष्ठापूर्वक आफ्नो कार्यकालमा ईमान्दारितापूर्वक कार्य गर्नेछु। खेल क्षेत्रमा भएका काम कार्वाहीको आफ्नो समिति बाहेक अन्यन्त्र राख्नु पर्ने गोपनियतालाई सुरक्षित राख्नेछु भनी म नैतिक रूपमा शपथ लिन्छु।

| | |
|---|---|
| शपथ ग्रहण गर्नेको | शपथ गराउनेको |
| नामः | नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत